# प्रदेश लोक सेवा आयोग
## मधेश प्रदेश
### जनकपुरधाम, धनुषा, नेपाल

प.सं.: २०८२/०८३
चलानी नं.:

**(दरखास्त व्यवस्थापन र सूचना प्रकाशन शाखा)**

Email: info.ppsc@p2.gov.np
Tel:- **041-590247, 041-590253**


सूचना नं: ७६/२०८२-८३ मिति: २०८२/०९/०४

## सच्याइएको सूचना।

यस आयोगको सूचना नं ७१/२०८२-०८३, मिति २०८२/०९/०१ मा स्थानीय सेवा अन्तर्गत विभिन्न सेवा समूहका अप्राविधिक र प्राविधिक तर्फ अधिकृतस्तर नवौं तहका पदहरुको खुला तथा समावेशी र अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सूचनामा खुला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक न्यूनतम योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन), ऐन २०८१ को दफा ८ को उपदफा (२) बमोजिम:

" *उपदफा (१) को खण्ड (छ) र (ज) मा उल्लिखित अधिकृतस्तर नवौं तहको पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदका लागि उम्मेदवार हुन सेवा, समूह र उपसमूहका लागि शैक्षिक आवश्यक पर्ने विषयमा कम्तिमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवाको अधिकृतस्तरको पदमा पाँच वर्ष वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तराष्ट्रिय सङ्घ, संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।* "

एवम् सोही दफाको उपदफा (३) मा " *उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (छ) र (ज) को खुल्ला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने पदमा विद्यावारिधिको उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कम्तिमा चार वर्ष सेवा अनुभव भएमा योग्यता पुगेको मानिनेछ।* " हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा यस आयोगको मिति २०८२/०९/०४ को निर्णयानुसार सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

..........................
**गंगेश गुन्जन झा**
**नि. सचिव**